राष्ट्रिय स्वतन्त्र पार्टी
RASTRIYA SWANTANTRA PARTY
केन्द्रीय निर्वाचन आयोग

प.सं.: २०८३/८४
च.नं.:

वि.सं. २०८३ कात्तिक २०
ने.सं. ११४६, कौलागा द्वादशी

केन्द्रीय निर्वाचन आयोगको अपिल तथा निर्देशन

निर्वाचन, अधिवेशन तथा उम्मेदवार छनोट प्रक्रियामा सहभागी सबैका लागि

आदरणीय पार्टी सदस्य, पदाधिकारी, नेतृत्वका आकांक्षी तथा उम्मेदवार क्लबमा आबद्ध सम्पूर्ण महानुभावहरू,

राष्ट्रिय स्वतन्त्र पार्टीका विभिन्न तहका अधिवेशन, आन्तरिक निर्वाचन तथा सार्वजनिक निर्वाचनका लागि उम्मेदवार छनोट प्रक्रिया अगाडि बढिरहेको सन्दर्भमा केन्द्रीय निर्वाचन आयोग सबै सम्बन्धित पक्षलाई निम्न निर्देशनहरूको पूर्ण पालना गर्न आग्रह गर्दछ।

१. **विधिको पालना:** निर्वाचन, अधिवेशन तथा उम्मेदवार छनोटसम्बन्धी सम्पूर्ण गतिविधि पार्टी विधान, स्वीकृत कार्यविधि र आधिकारिक निर्देशनअनुसार मात्र सञ्चालन गर्नुपर्छ। कुनै पनि तहमा अनधिकृत वा समानान्तर प्रक्रिया सञ्चालन गर्न पाइने छैन।

२. **निष्पक्ष प्रतिस्पर्धा:** व्यक्तिगत पहुँच, आर्थिक प्रभाव, नातावाद, गुटगत दबाब, धम्की वा अन्य अनुचित प्रभाव प्रयोग गरी प्रक्रिया प्रभावित गर्ने कार्य स्वीकार्य हुने छैन। सबै योग्य सदस्य तथा आकांक्षीलाई समान अवसर सुनिश्चित गरिनुपर्छ।

३. **स्थानीय निर्वाचन उम्मेदवार छनोट प्रक्रिया:** स्थानीय निर्वाचनका लागि उम्मेदवार क्लबमा आबद्ध हुनु वा आवेदन दिनु उम्मेदवारीको अन्तिम सुनिश्चितता होइन। आवेदन दिएको आधारमा आफूलाई उम्मेदवारका रूपमा प्रस्तुत गर्ने वा सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट उम्मेदवारी घोषणा वा प्रचार गर्ने कार्य विधिविपरीत हुनेछ। नेतृत्व विकास कार्यक्रम, योग्यता परीक्षण, मूल्याङ्कन, प्राथमिक निर्वाचनलगायत तोकिएका सबै प्रक्रिया पूरा भएपछि पार्टीले अन्तिम उम्मेदवारको निर्णय गर्नेछ।

४. **अधिवेशन तथा नेतृत्व चयन:** अधिवेशन हुन बाँकी रहेका वडा, पालिका, जिल्ला तथा प्रदेश तहका पार्टी संरचनाले अधिवेशनको तयारी र प्रक्रिया अघि बढाउँदा सम्बन्धित माथिल्लो तहका पार्टी नेतृत्व तथा विभागसँग आवश्यक परामर्श र समन्वय गर्नुपर्नेछ। सम्बन्धित अधिवेशनको आधिकारिक मिति तथा कार्यतालिका घोषणा हुनुअघि कसैले पनि नेतृत्वका लागि आफ्नो उम्मेदवारी घोषणा गर्न वा प्रचारप्रसार गर्न पाइने छैन।

Chamati, Vanasthali, Kathmandu - 16, Nepal | +977 01 5914591, 9851360666
च:मति, वनस्थली, काठमाडौं - १६, नेपाल | +९७७ ०१ ५९१४५९१, ९८५१३६०६६६
P.O Box No. 7618 | Plus Code: P7FX+QW Kathmandu | info@rspnepal.org | www.rspnepal.org

प.सं.:
च.नं.:

५. **आचारसंहिता र सार्वजनिक अभिव्यक्ति:** आर्थिक लेनदेन, उपहार, भोजभतेर, धम्की, भ्रामक प्रचार, चरित्रहत्या वा पद र शक्तिको दुरुपयोग गरी निर्वाचन प्रभावित गर्ने कार्य निषेधित छन्। आचारसंहिता तथा निर्देशनविपरीत सामाजिक सञ्जाल वा अन्य माध्यममा सामग्री प्रकाशित वा साझा गर्न पाइने छैन।

६. **उल्लङ्घनमा कारबाही:** पार्टीको निर्देशन, विधान तथा आचारसंहिता उल्लङ्घन गर्ने जोसुकैलाई उल्लङ्घनको प्रकृति र गम्भीरताका आधारमा उम्मेदवारी खारेजी, प्रक्रियाबाट निष्कासन, जिम्मेवारीबाट हटाउनेदेखि विधानबमोजिम निलम्बन वा पार्टी सदस्यता समाप्तिसम्मको कारबाही हुन सक्नेछ। साथै, आचारसंहिता तथा आधिकारिक निर्देशनविपरीत प्रकाशित वा साझा गरिएका सामग्री तत्काल हटाउन सम्बन्धित सबैलाई निर्देशित गरिन्छ।

७. **गोपनीयता तथा आन्तरिक सूचनाको संरक्षण:** निर्वाचन, अधिवेशन, उम्मेदवार छनोट तथा संगठनात्मक प्रक्रियासँग सम्बन्धित पार्टीका आन्तरिक दस्तावेज, निर्णय, छलफल, पत्राचार, अभिलेख तथा व्यक्तिगत विवरणको गोपनीयता कायम राख्नुपर्नेछ। आधिकारिक स्वीकृतिबिना यस्ता सूचना वा विवरण सार्वजनिक गर्ने, अनधिकृत व्यक्ति वा निकायसँग साझा गर्ने वा दुरुपयोग गर्ने कार्य निषेधित छ।

पार्टीभित्रको लोकतन्त्र र संस्थागत मर्यादा सबैको साझा जिम्मेवारी हो। पद, पहुँच वा प्रभावका आधारमा कसैले पनि विधिभन्दा माथि रहने छुट पाउने छैन।

सबैको जिम्मेवार सहभागिता र सहयोगको अपेक्षासहित।

भवदीय,

भुवन के.सी.
प्रमुख